# भूकम्पको सामाजिक लेखा परीक्षण

**पुस्तक** करेज इन केयस : अर्ली रेस्क्यु एण्ड रिलिफ आफ्टर द अप्रिल अर्थक्वेक **लेखकः** योगेश राज र भाष्कर गौतम
**प्रकाशकः** मार्टिन चौतारी **पृष्ठ** ८८९, **मूल्य** रू.३५०




**'कसैलाई** मुद्दा लगाउनुपरे कहाँ कहाँदेखि, कहिले कहिलेसम्मको कागज निकाल्न सक्ने राज्यसँग केही सहयोग लिनुपर्‍यो भने हरेकपल्ट प्रमाण बुझाउनुपर्छ', *करेज इन केयसः अर्ली रेस्क्यु एण्ड रिलिफ आफ्टर द अप्रिल अर्थक्वेक* पुस्तकका लेखकमध्येका एक इतिहासकार योगेश राजले लेखेका छन् । उदाहरणका लागि लाखौं जनताले सयौं पटक एउटै कार्यालयमा एउटै कामका लागि नागरिकताको फोटोकपी बुझाएका छन् । तर राज्यले हरेकपल्ट नागरिकलाई 'नागरिक' हुनुको प्रमाण खोज्छ । समस्या त तब हुन्छ जब उही नागरिकलाई विपत् आइपर्छ र नागरिकले आफू 'नागरिक' भएको प्रमाण पेश गर्न सक्दैन, राज्यले आफूसँग कुनै कुनामा थन्किएको नागरिकको त्यही सूचना तथा जानकारी प्रयोग गर्न जान्दैन ।

१२ वैशाख २०७२ को भूकम्पमा ठीक यही भयो । विपत्को तथ्य, तथ्यांकका लागि सरकारसँग होइन, भोग्ने व्यक्ति, आफन्त र राहतकर्मी जनताकै सहयोग लिनुपर्‍यो । जबकि विपत् आइलाग्यो भने कुन अवस्थामा के छ, उद्धार कार्य कसरी प्रभावकारी बनाउने, मानवीय, भौतिक वा प्राकृतिक क्षति कसरी कम गर्ने आदि कुराको लेखाजोखा र व्यवस्थापन गर्ने काम सरकारको हो ।

भूकम्पका बेला पनि प्रत्येक घर, परिवारका सदस्य, स्वास्थ्य केन्द्र, औषधि, खानेपानी, बाटोघाटो, यातायात, डाक्टर, नर्स तथा नेपाल प्रहरी, सेना वा उनीहरूसँग उपलब्ध हरेक साधनको विवरण सरकारसँग थियो तर यस्ता तथ्यांक र जानकारी प्रभावी भएनन् । यस्ता तथ्यांक भरपर्दो स्रोत मानिएन । फलस्वरूप अव्यवस्था सृजना भयो । यस्तो अव्यवस्थामा जनताले राज्य कुरेनन् । एकअर्कालाई हौसला दिंदै, सहयोग गर्दै दैनिकी व्यवस्थित बनाउन अग्रसर रहे । यो पुस्तक विपत्पछिको यस्तै अव्यवस्थाबीच साहस देखाएर आफ्नो जोहो आफैं गर्न अग्रसर जनतामाझ गरिएको सामाजिक लेखा परीक्षण हो ।

पुस्तकको चौथो अध्यायले राज्यबाट हुने तथ्यांक संकलन र उपयोगबारे उठाएको प्रश्न गम्भीर छ । तथ्यांकहरू लिने तर उपयोग नगर्ने सरकारी प्रवृत्ति विडम्बनापूर्ण त छँदैछ, नयाँ संकलित तथ्यांकहरू पनि अपुरो र अधुरो छ । यसले भविष्यमा आइपर्ने विपत्मा यस्तै अव्यवस्था भोग्नुपर्ने देखिन्छ । अहिलेको भूकम्पमा २०४५ सालको भूकम्पको विवरण लगतलाई आधार बनाइएन र अहिलेको विवरणलाई पनि भविष्यमा उपयोग गरिने सम्भावना छैन भने यस्तो तथ्यांक संकलनको के काम ? प्रश्न सहजै गर्न सकिन्छ ।

पुस्तक लेखनका क्रममा लेखकद्वयले उपत्यकाका तीन क्षेत्र ललितपुरको लेले (नयाँ तथा पुरानो संरचना, मिश्रित समुदाय र समुदायहरू आपसमा जोडिएको), काठमाडौंको गोंगबु (नयाँ संरचना तथा समुदायहरू आपसमा जोडिने क्रममा रहेको) तथा भक्तपुरको जेंला (पुरानो संरचना, एउटै समुदायको बसोबास तथा समुदायहरू अन्य स्थानका तुलनामा बढी जोडिएको) मा अध्ययन गरेका थिए । यो प्रारम्भिक अध्ययनले संस्थागत रूपमा सरकारसँग हुनुपर्ने 'सम्झना शक्ति' नहुनुलाई सबैभन्दा ठूलो समस्या मानेको छ । पुस्तकले ठूलो विपत्का समय राज्य वा राज्यका निकाय स्वयंमा अलमलिंदा वा राम्रोसँग काम नगर्दा आफ्नो जीवन सामान्य बनाउन कसरी समाज र सामाजिक संरचनाहरू आफैं सक्रिय हुन्छन् भन्ने कुरा बुझाउने प्रयास गरेको छ । यस्तो विषम परिस्थितिमा पनि पीडितका गुम्सिएका पीडा, आक्रोश वा सम्भावित विद्रोह रोकिनुको कारण शासित मानसिकता तथा अदम्य सामाजिक, पारिवारिक भावना र साहस रहेको खुलाइएको छ ।

विपत्बाट बढी क्षति हुनबाट जोगाउन के कस्ता राजनीतिक, सामाजिक, कानूनी उपाय प्रभावकारी हुनसक्छन् भन्नेबारे योजनाकार, अनुसन्धानकर्ता, राजनीतिक दल, कर्मचारीहरूबीच गम्भीर बहस आवश्यक रहेको तर्फ पुस्तकले इङ्गित गरेको छ । राष्ट्रिय तथा जिल्लास्तरीय विपत् व्यवस्थापन समितिको समन्वयमा समस्या देखिंदा एकद्वार नीतिले पनि समाधान दिन नसकेको लेखकद्वयको ठहर छ । खासगरी 'स्थानीय' र 'संस्था' भन्ने दुई खाका पुनर्विचार तथा पुनर्व्याख्या गर्नुपर्ने तर्क गर्दै पुस्तकले कतिपय ठाउँमा 'स्थानीय' को पहुँच र सामर्थ्य सरकारी वा अन्य संस्थाको भन्दा बलियो देखिएको प्रसंग पनि औंल्याएको छ । भूकम्पपछिको राजनीतिक तथा सामाजिक जवाफदेहिताबारे थप बहस तथा संकथन निर्माणका लागि पुस्तकले योगदान दिनेछ ।

अध्ययनमा रप्चर (क्रमभंग) अनुसन्धानात्मक विधि प्रयोग गरिएको छ, जसमा राजनीतिक इथ्नोग्राफी र इतिहास विधाको प्रयोग गरिएको छ । यो विधिमा सबै खालका प्राकृतिक तथा मानवनिर्मित विपत् (जस्तै, भूकम्प, बाढी पहिरो, क्रान्ति, दुर्घटना वा युद्धलगायत) ले दैनिक जीवनको गतिमा अचानक देखा पर्ने क्रमभङ्गताको स्थिति र पुनः यथास्थितिमा फर्कने सामान्यीकरणतर्फको यात्रा बुझ्ने प्रयत्न गरिन्छ ।

पुस्तकले विपत्सँग जुध्ने समुदायको परम्परा वा संयन्त्रको महत्तामाथि जोड दिएको छ । तर, यसखाले परम्परा वा संयन्त्रको विस्तृत व्याख्या भने गर्दैन र पर्याप्त उदाहरण पनि दिंदैन । यसले थप अध्ययनको आवश्यकता खट्किएको छ ।

**दीपक अर्याल**